# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, साउन २२ गते २०६३ साल (संख्या १५

## भाग ३

### महालेखा परीक्षकको कार्यालयको

### सूचना १

महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० को नियम १५६ ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले सोही नियमावलीको अनुसूची–७ को सट्टा देहायको अनुसूची–७ राखी हेरफेर गरेको छः–

अनुसूची-७

(नियम ५६ संग सम्बन्धित)

श्रेणी विहीन पदहरू

१. हेभी सवारी चालकः

क) प्रथम स्तर
ख) द्वितीय स्तर
ग) तृतीय स्तर
घ) चतुर्थ स्तर

२ हलुका सवारी चालकः

क) प्रथम स्तर
ख) द्वितीय स्तर
ग) तृती। स्तर
घ) चतुर्थ स्तर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. परिचर स्तरका पदहरू:

क) प्रथम स्तर ख) द्वितीय स्तर

ग) तृतीय स्तर घ) चतुर्थ स्तर

४. महालेखा परीक्षकले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समय-समयमा तोकेका अन्य पदहरू ।

## सूचना २

महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० को नियम ५९ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकको लेखापरीक्षण सेवामा कार्यरत श्रेणी विहान हेभी सवारी चालक, हलका सवारी चालक र परिचर स्तरका पदहरूमा देहाय-बमोजिम स्तर वृद्धिको व्यवस्था लागू गरेको छः-

### (क) हेभी सवारी चालक

| क्र.सं. | स्तर | योग्यता र अनुभव |
|---|---|---|
| १. | प्रथम स्तर | हेभी सवारी चालक अनुमतिपत्र (लाइसेन्स) प्राप्त गरी शुरु नियुक्ति हुने । |
| २. | द्वितीय स्तर | पाँच वर्ष वा सो भन्दा बढी दश वर्ष भन्दा कम सेवा गरेको । |
| ३. | तृतीय स्तर | दश वर्ष वा सो भन्दा बढी पन्ध्र वर्ष भन्दा कम सेवा गरेको । |
| ४. | चतुर्थ स्तर | पन्ध्र वर्ष वा सो भन्दा बढी सेवा गरेको । |

### (ख) हलुका सवारी चालक

| क्र.सं. | स्तर | योग्यता र अनुभव |
|---|---|---|
| १. | प्रथम स्तर | हलुका सवारी चालक अनुमतिपत्र (लाइसेन्स) प्राप्त गरी शुरु नियुक्ति हुने । |
| २. | द्वितीय स्तर | पाँच वर्ष वा सो भन्दा बढी दश वर्ष भन्दा कम सेवा गरेको । |
| ३. | तृतीय स्तर | दश वर्ष वा सो भन्दा बढी पन्ध्र वर्षभन्दा कम सेवा गरेको । |
| ४. | चतुर्थ स्तर | पन्ध्र वर्ष वा सो भन्दा बढी सेवा गरेको । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (ग) परिचर स्तर

| क्र.सं. | स्तर | योग्यता र अनुभव |
| --- | --- | --- |
| १. | प्रथम स्तर | साधारण लेखपढ गर्न जानेको र शुरु नियुक्ति हुने । |
| २. | द्वितीय स्तर | पाँच वर्ष वा सो भन्दा बढी दश वर्षभन्दा कम सेवा गरेको । |
| ३. | तृतीय स्तर | दश वर्ष वा सो भन्दा बढी पन्ध्र वर्ष भन्दा कम सेवा गरेको । |
| ४. | चतुर्थ स्तर | पन्ध्र वर्ष वा सो भन्दा बढी सेवा गरेको । |

द्रष्टव्यः—

माथि लेखिए अनुसार श्रेणी विहीन पदहरूमा स्तर वृद्धि गर्दा देहायको सजायँको अभिलेख रहेका श्रेणी विहीन कर्मचारीहरूलाई तोकिएको अवधिभर स्तर वृद्धि गरिने छैन ।

क) निलम्बन भएमा सो अवधि भर,

ख) बढुवा रोक्का भएमा रोक्का भएको अवधिभर,

ग) तलब वृद्धि रोक्का भएकोमा रोक्का अवधिभर,

घ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभागीय सजायँ गर्न कुनै अवधि तोकिएकोमा सो तोकिएको अवधिभर र नतोकिएमा कारवाहीको एक वर्षसम्म,

ङ) लगातार साठी दिनभन्दा बढी उनान्नब्बे दिनसम्म अनुपस्थित भएकोमा सोको एक वर्षसम्म,

च) महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० को नियम ११९क. बमोजिम एक वर्षमा तीन पटकसम्म चेतावनी पाएकोमा अन्तिम चेतावनी पाएको मितिले एक वर्षसम्म,

खण्ड ४५, अ.रि. ३०(अ), मिति २०५२।७।२६ मा प्रकाशित महालेखा परीक्षकको विभागको यस सम्बन्धी सूचना १ र २ खारेज गरिएको छ ।

आज्ञाले,
बच्चुराम दाहाल
उपमहालेखा परीक्षक



मुद्रण विभाग सिंहदरबार,, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो. हु. द. नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।